आज मिति २०७७ साल माघ २८ गतेका दिन मलेवानपुरानी गाउँपालिकाको अध्यक्ष श्री विदुर हुमागाई ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

श्री विदुर हुमागाई - अध्यक्ष

श्री हर्कमायाँ कुम्वा - उपाध्यक्ष

श्री आइत सिं लो - का.पा.सदस्य

श्री बखान सिं पारिक्रन - " "

श्री भागवत घिमिरे " "

श्री राम प्रसाद तिमल्सीना " "

श्री जित बहादुर घिमिरे " "

श्री टिका प्रसाद दाहाल " "

श्री सुर्य बहादुर कुम्वार " "

श्री कुमार सिं थिसिङ " "

श्री सुरेन्द्र सुनार " "

श्री चिनिमायाँ लुङ्वा " " चिनी

श्री बुद्धिमायाँ योङ्गजन " "

श्री मञ्जु योङ्गजन " "

श्री पानली मायाँ गोले " "

श्री निर्मला विश्वकर्मा - का.पा. सदस्य निर्मला

श्री त्रिम बहादुर घिमिरे - प्र.प्र.अ.

मकवानपुर गढी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय,मक्रान्चुली मकवानपुर**

कार्यापालिका वैठक

२०७५।१०।२५

**प्रस्तावहरु**

१. सहयोगअपेक्षित सडकमानव मुक्त जिल्ला घोपणाको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धमा ।

२. जिल्ला समन्वय समिति मकवानपुरमा रहेको मौज्दात कोपको लागि योजना पेश गर्ने सम्वन्धमा ।

३. व्यवसायिक पंक्षि फर्म तथा ह्याचरी संचालन कार्यविधि, २०७५ स्वीकृत सम्वन्धमा ।

४.सडक वोर्ड नेपालबाट प्राप्त कार्यान्वयनको लागि योजना संशोधन सम्वन्धमा ।

५. हेटौडा सिमेन्ट उद्योगबाट प्राप्त हुने वजेट कार्यान्वयन तथा लागत अनुमान स्वीकृत सम्वन्धमा ।

मकवानपुर गढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मक्रान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

मकवानपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,मकान्चुली मकवानपुर
कार्यपालिका बैठक
२०७५।१०।२५

**निर्णयहरु**

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा सहयोगअपेक्षित सडक मानव मुक्त जिल्ला घोषणाको लागि आयोजित कार्यक्रम सम्पन्न गर्न आर्थिक सहायता शिर्षकबाट रु. ५०,०००।- आर्थिक सहायता उपलब्ध गराउने ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा जि.स.स. को मौज्दात कोष संचालन निर्देशिका, २०७५ अनुसार जिल्ला समन्वय समितिमा लागत सहभागीता यस गाउँपालिकाबाट व्यवस्थापन गर्ने गरि देहायको योजनालाई देहायको लागत सहभागीता गाउँपालिकाबाट व्यवस्थापन गर्ने गरि जिल्ला समन्वय समिति मकवानपुरमा योजना पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | योजनाको कुल लागत | गाउँपालिकाको लागत सहभागीता( २५ % ) | जिल्ला समन्वय समितिको लागत ( ७५ %) |
|---|---|---|---|---|
| १ | टावर डाँडा खानेपानी योजना वडा नं ३ | ८०,००,०००।- | २०,००,०००।- | ६०,००,०००।- |
| २ | रानिशेरा लाइनपाखा खानेपानी योजना वडा नं १ | ६०,००,०००।- | १५,००,०००।- | ४५,००,०००।- |
| ३ | वुर्जाडाडा खानेपानी योजना वडा नं ४ | ४०,००,०००।- | १०,००,०००।- | ३०,००,०००।- |

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका व्यवसायिक पंक्षि फर्म तथा ह्याचरी संचालन कार्यविधि, २०७५ पेश भए अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

निर्णय नं ४ माथि छलफल गर्दा चालु आर्थिक वर्षको लागि सडक वोर्ड नेपालबाट यस गाउँपालिकालाई प्राप्त हुने बजेट कार्यान्वयनको लागि यस अगाडीको कार्यापालिका वैठकबाट सहिद वासुदेव मार्गमा कल्भर्ट निर्माणको लागि छनौट भए अनुसार सो योजनामा बजेट कार्यान्वयन गर्न नमिल्ने सडक वोर्ड नेपालवाट प्राप्त जानकारी अनुसार सो बजेट कार्यान्वयनको लागि यसै गाउँपालिकाको वडा नं ४ मा पर्ने पिप्ले मक्रान्चुली सडकखण्डको पिचको मर्मत सम्भारको लागि छटौट गरि स्वीकृतको लागि सडक वोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मक्रान्चुली, मकवानपुर ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका वडा नं ५ मा हेटौडा सिमेन्ट उद्योग लि.ले संचालन गरेको खानीबाट खानी तलको वस्तीहरुमा खानीबाट उत्पादन हुने ओभर वर्डेनको कारण वर्षेनी ज्यामिरे खौरेनी खोला पसी क्षति पुर्‍याएको सन्दर्भमा उक्त खानीको कारण वर्षातको समयमा पुर्‍याउने क्षतिलाई न्यूनिकरण गर्न हेटौडा सिमेन्ट उद्योगलाई खोलाले क्षति पुर्‍याउने स्थानहरुमा चेक ड्याम निर्माणको लागि आग्रह गर्दा सम्वन्धित वडाको वासी,वडा अध्यक्ष,उद्योगको प्रतिनिधि,गाउँपालिका अध्यक्ष सहित सर्वदलिय वैठकले गरेको निर्णय बमोजिम चालु आर्थिक वर्षको लागि उक्त उद्योगले चेकड्याम निर्माण गर्न १ करोड रुपैया गाउँपालिका खातामा वजेट निकास गर्ने सहमति भए बमोजिम हाल प्राप्त भएको ५० लाख बजेट र योजना कार्यान्वयन भए पश्चात निकासा गर्ने ५० लाख बजेट गरि कुल १ करोड रुपैया गाउँपालिका खातामा आम्दानी बाँध्ने । साथै सो चेक ड्याम निर्माणको लागि हेटौडा सिमेन्ट उद्योगबाट तयार भएको डिपिआर लाई आधार मानि यसै गाउँपालिकाको प्राविधिक शाखावाट तयार भएको रु ९९,९९२६८।८९(१३ प्रतिशत मू.अ.क र कन्टेन्जेन्सी रकम) सहितको लागत अनुमान स्वीकृत गरि ठेक्का आह्वान गर्ने निर्णय गरियो । हाल यस गाउँपालिकाको ठेक्का व्यवस्थापन को लागि (विद्युतिय) इजिपि पोर्टल तयार हुने कार्य भैरहेको ले उक्त ठेक्का कार्यान्वयन ढिला हुने देखिएकोले उक्त योजनाको ठेक्का व्यवस्थापन म्यानुअल प्रणालीबाट अगाडी वढाउने समेत निर्णय गरियो ।

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर, बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner